स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८२/८३

सूचना नं.: ०५ (कृषि विकास शाखा)

### कृषि विकास कार्यक्रममा आवेदन/प्रस्ताव आव्हान सम्बन्धि सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/२० गते**

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि ईच्छुक मापदण्ड पुगेका कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८२/०८/०४ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | निःशुल्क माटो परीक्षण सेवा तथा कृषि चुना वितरण कार्यक्रम | १०० | चालु आ.व.मा अनिवार्य रुपमा माटो परीक्षण गरेको हुनुपर्ने। |
| २. | मौरी सहित र बाहेकको घार आवश्यक सामाग्री सहित वितरण कार्यक्रम | ५० | कृषक, कृषक समूह, कृषि फर्म र सहकारीहरुले आवेदन दिन सक्ने। |
| ३. | लागत साझेदारीमा उच्च घनत्वमा आधारित स्याउ खेती विस्तार कार्यक्रम | ५० | |
| ४. | प्लाष्टिक टनेल र मल्चिङ रोल वितरण कार्यक्रम | ५० | |
| ५. | उच्च प्रविधिमा आधारित एक घर एक प्लाष्टिक टनेल (फलामे) निर्माण कार्यक्रम | ५० | |
| ६. | हिउँदे फलफुलका विरुवा (किवी, स्याउ, ओखर, अनार, अंगुर, हलुवाबेद आदि) वितरण कार्यक्रम | ५० | |
| ७. | लागत साझेदारीमा व्यावसायिक रुपमा कन्ये तथा सिताके च्याउ खेती कार्यक्रम | ५० | |
| ८. | पावर स्प्रे, सिकेचर, बोर्डोपेष्ट आदि वितरण कार्यक्रम | ५० | |

बनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत

पत्र सङ्ख्याः २०८२/८३

सूचना नं.: ०५ (कृषि विकास शाखा)

| | | | |
|---|---|---|---|
| ९. | वीउ भण्डारणका लागि Hermatic Bags वितरण कार्यक्रम | ५० | |
| १०. | किवी र आल्चाको जुस र वाइन प्रशोधनका लागि आवश्यक मेशिन/यान्त्रीकरण वितरण कार्यक्रम | ८५ | |
| ११. | कृषक समूहको माध्यमबाट मल्टीक्रप थ्रेसर र कम्बाईन मिल वितरण कार्यक्रम | ५० | कृषक समूहले मात्र आवेदन दिन सक्ने। |
| नोटः *हेलम्बु गाउँपालिकाको कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम कार्यक्रमहरु संचालन गरिने।* | | | |

**आवश्यक कागजातहरु:**

- अनूसुची -३ बमोजिम कार्यक्रम मागको निवेदन,
- अनूसुची -४ बमोजिम प्रतिबद्धता पत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र करचुक्ताको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

**थप जानकारीको लागिः** हेलम्बु गाउँपालिकाको पेज तथा वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखा ९८६०१६८१२०, ९८४१०९५६७० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसूची -३ र ४ हेलम्बु गाउँपालिकाको वेबसाईट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

बेनि बहादुर गौतम
प्रमुख प्रशासकीय अधिकृत

# अनुसुची-३

मितिः ......../...../...... गते

श्रीमान प्रशासकीय प्रमुख ज्यू,
हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक।

विषयः कार्यक्रमा सहभागी हुन पाउँ भन्ने बारेमा।

प्रस्तुत विषयमा हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. .................. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ..........................................कार्यक्रम शीर्षकबाट........................ अनुदानमा ............................ कार्यक्रम रहेकोले मिति .......................... गतेको सूचना अनुसार उक्त कार्यक्रममा सहभागी हुन पाउँ भनी श्रीमान समक्ष निवेदन पेश गर्दछु।

तपसिलः

१.

२.

निवेदकः

नाम/थरः

ठेगानाः

सम्पर्क नंः

## अनुसूची-४

## प्रतिबद्धता पत्र

............................................ को मिति ..................................... को सूचना अनुसार ......................................... कार्यक्रम संचालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा यस गाउँपालिकाको कृषि विकास शाखाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुल बुझाउँला। साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

ठेगानाः

सम्पर्क नंः

दस्तखतः

मितिः

छापः

| | |
|---|---|
| दायाँ | बाँया |

आज्ञाले,

राजुभाइ श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत